# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ मङ्सिर २३ गते

## यौन हिंसामा संलग्नहरूलाई कानुनी कारबाही गर्न आवश्यक : अध्यक्ष

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले सशस्त्र द्वन्द्वमा महिलामाथि भएको यौनजन्य हिंसाले नेपालीहरूको शिर निहुरिएको प्रतिक्रिया दिनुभएको छ ।

आयोगमा आयोजित एक कार्यक्रमा सशस्त्र द्वन्द्वका समयमा यौन हिंसामा परेका चारजना महिलाको वेदनापूर्ण भनाइ सुनेपछि उहाँले उक्त प्रतिक्रिया दिनुभएको हो । महिला हिंसा अन्त्य गर्ने दिशा कार्यरत स्वदेशी तथा विदेशी अभियन्ता र ज्ञाताहरू सम्मिलित 'जुरी' समक्ष ती महिलाहरूले आफ्नो भनाइ राखेका थिए ।

अध्यक्ष शर्माले सशस्त्र द्वन्द्वकालमा भएका यौनजन्य हिंसालाई अमानवीय र नृशंस व्यवहारको रूपमा चित्रण गर्दै त्यसमा संलग्न व्यक्तिहरूलाई कुनै पनि बहानामा कानुनी कारबाहीबाट उम्कन दिन नहुने आवश्यकता औंल्याउनुभयो ।

यौन हिंसामा परेका महिलाहरूको भनाइ सुनेपछि 'जुरी' ले सरकारले उनीहरूलाई मनोसामाजिक परामर्श उपलब्ध गराउनुपर्ने, उनीहरूको जीविकोपार्जनको व्यवस्था गर्नुपर्ने, आयोगले त्यस्ता घटनाहरूको अनुसन्धान गर्नुपर्ने, यौन हिंसामा संलग्न व्यक्तिहरूलाई कानुनी कारबाही गर्नका लागि कानुनमा रहेका अप्ठेराहरू फुकाउनुपर्ने लगायतका विषयमा सिफारिस गरेको छ ।

मोहना अन्सारी
प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org